# काठमाडौं महानगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सहकारी विभाग, बिजुलीबजार

## काठमाडौं महानगरपालिका कार्यक्षेत्र भएका सहकारी संस्थाहरुलाई साधारणसभा सम्पन्न गरी प्रतिवेदन पेश गर्ने सम्बन्धी

## अत्यन्त जरुरी सूचना !

सहकारी ऐन, २०७४ को दफा ३९(२) तथा काठमाडौं महानगरपालिका सहकारी ऐन, २०७४ को दफा २८(२ एवं दफा १०४ बमोजिम काठमाडौं महानगरपालिका भित्र मात्र कार्यक्षेत्र भएका सहकारी संस्थाहरुले आगामी २०७९ पौष मसान्तभित्र साधारण सभा सम्पन्न गरी साधारणसभा सम्पन्न भएको मितिले १५ दिनभित्र साधारणसभाबाट पारित प्रतिवेदन काठमाडौं महानगरपालिका सहकारी विभागमा बुझाउन हुन अनुरोध गरिन्छ साथै साधारणसभा संचालन गर्दा सहकारी संस्थाको साधारणसभा (कार्यव्यवस्था) निर्देशिका २०७६ तथा देहायका विषयलाई आधार लिनुहुन अनुरोध छ ।

१. सहकारी संस्थामा सदस्य बनाएर मात्र कारोबार गर्ने र सबै सदस्यलाई सधारणसभामा उपस्थितिक लागि आव्हान गर्ने,
२. साधारण सभामा कुल सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्य उपस्थित नभए गणपुरक संख्या नपुग्ने हुँदा गणपुरक संख्या पुर्‍याएर मात्र साधारणसभा संचालन गर्ने,
३. साधारणसभामा सदस्यहरुको भूमिकालाई अझ सक्रिय बनाउन उद्‌घाटन सत्रलाई तथा मन्तव्यक कार्यक्रम नराखी सोझै एजेण्डा उपर छलफल गर्ने वातावरण मिलाउने,
४. लेखापरीक्षण प्रतिवेदन, संचालक समिति तथा लेखा समितिको प्रतिवेदन एवं पेश हुने अन्य सबै प्रतिवेदन तथा विषय उपर पर्याप्त छलफल गराएर मात्र पारित गर्ने,
५. संचालक समिति तथा लेखा समितिको निर्वाचन हुने भए प्रचलित कानून, मापदण्ड, एवं विनियम बमोजिमको योग्यता पुगेका सदस्यहरु मध्येबाट निर्वाचित गर्ने,
६. साधारणसभाबाट चालु आर्थिक वर्षको संस्थाको हिसाब किताबको लेखापरीक्षण गर्न एक जना लेखापरीक्षक र आवश्यकतानुसार बैकल्पिक लेखापरीक्षक नियुक्तिको निर्णय गर्ने र निजको पारिश्रमिक तोक्ने,
७. संस्थाको विनियम संशोधन, कार्यविधि, नियमावली, नीति साधारणसभाबाट पारित गर्ने,
८. संस्थाको चालु आर्थिक वर्षको बजेट, नीति तथा कार्यक्रम साधारणसभाबाटै अनुमोदन गर्ने ।
९. साधारणसभाको प्रतिवेदनमा तपशिल बमोजिमका कागजातहरु समावेश गर्ने ।

तपशिल

क. शेयर सदस्यहरुको उपस्थितिको तल टेबुलमा उल्लेख भए बमोजिमको प्रमाणित विवरण,

| क्र.स. | शेयर सदस्यता नं. | कुल शेयर संख्या | नाम, थर | सम्पर्क नं. | नागरिकता नं/जारी स्थान | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

ख. साधारणसभाको निर्णयको प्रमाणित प्रतिलिपि (अध्यक्ष वा सचिवबाट संस्थाको छाप समेत लगाई),

ग. संचालक समितिका सबै र संचालक समितिका सदस्य भन्दा १ जना बढी शेयर सदस्यले निर्णय प्रमाणित गरेको हुनुपर्ने (जस्तै संचालक ७+ शेयर सदस्य ८ गरी १५ जना),

घ. आ.व. २०७९/२०८० सम्मको कर चुक्ता गरेको व्यवसाय दर्ताको प्रमाण पत्रको प्रतिलिपि (का.म.पा. वडा कार्यालयबाट),

ङ. लेखापरीक्षण प्रतिवेदनको सक्कलै विवरण, (लेखा परीक्षण गर्दा **सहकारी संस्थाको लेखापरीक्षण निर्देशिका २०७५ को** अनिवार्य पालना गरेको हुनुपर्नेछ)

च. संस्थागत सहकारीको हकमा मूल संस्था नबिकरण (आ.व. २०७९/२०८० सम्मको) गरेको प्रमाणित प्रतिलिपि,

छ. अनुसूची, ५ अनुसारको प्रमाणित प्रतिवेदन,

ज. कर चुक्ता (आ.व. २०७८/२०७९ आन्तरिक राजस्व कार्यालयको) प्रमाण पत्रको प्रतिलिपि,

झ. सम्पत्ति शुद्धीकरण निबारण सम्बन्धी सहकारी संघ संस्थालाई जारी गरेको निर्देशन, २०७४ (पहिलो शंसोधन समेत) मा भएका सबै व्यवस्थाहरु अनिबार्य पालना गरेको बिबरण,

ञ. COPOMIS प्रणालीमा सहकारी संस्थाको समष्टिगत विवरण अनिवार्य प्रविष्टि गर्ने,

ट. सहकारी संस्थामा नयाँ संचालक समिति गठन भएको भए नवनिर्वाचित **संचालक समितिका पदाधिकारीहरु र लेखा समितिका सदस्यहरुको** नागरिकताको प्रतिलिपि (यदि काठमाडौं महानगरपालिक भित्र अस्थायी बसोबास गरेको भए वडा कार्यालयबाट अस्थायी बसोबास सिफारिश समेत) र तिनपुस्ते विवरण तल टेबुलमा उल्लेख बमोजिमको ढाँचा अनुसार हुनुपर्ने।

| सि न | बाजेको नाम, थर | बाबुको नाम, थर | पति वा पत्नीको नाम, थर | संचालकको नाम, थर | पद | ठेगाना | पेशा | निर्वाचित मिति | बहाल रहने अवधि | औंठा छाप | फोटो र फोटोमा पर्ने गरी सही छाप | सम्पर्क न |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | |

**त. सहकारी संस्थाको तल टेबुलमा उल्लेख बमोजिमको यथार्थ विवरण**

| सि.नं. | नाम, ठेगाना | दर्ता नं. र मिति | किसिम | मुख्य कारोबार | सदस्य सख्या | | | पछिल्लो आ.व.को वित्तिय विवरण | | | | | प्रत्यक्ष रोजगारी | कोपोमिस मा आबद्ध भए नभएको | सम्पत्ति शुद्धिकरण सम्बन्धी प्रतिवेदन पेश गरे नगरेको | अ वे |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | म. | पु. | जम्मा | शेयर पुजी | बचत संकलन | ऋण लगानी | स्थीर सम्पत्ती | जम्मा सम्पत्ति दायित्व | | | | |
| १ | | | | | | | | | | | | | | | | |

<u>पुनश्च</u>: सहकारी नयाँदर्ता स्वीकृति प्राप्त संस्थाहरुले दर्ता भएको मितिले ३ महिनाभित्र प्रारम्भि साधारण सभा गरी नबुझाएमा र पुरानाको हकमा २ वर्षसम्म कुनै कारोवार नगरी निष्कृय रहेको पाइए काठमाडौ महानगरपालिका सहकारी ऐन २०७४ को दफा ६६ बमोजिम विघटन र दर्ता खारेजको प्रकृया अगा बढाइनेछ।

नोटः यस विषयमा थप जानकारी चाहिएमा काठमाडौं महानगरपालिका सहकारी विभागको फोन नं. ० ४७९०१३६ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

काठमाडौं महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सहकारी विभाग